जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न :

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं ।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं ।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तीले नियमित स्वास्थ्य परीक्षण गरौं ।
- धुम्रपान र मद्यपान नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २६ •अंक १० • २०८१ साल जेठ १६ गते बुधबार (29 May, Wednesday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## सहकारी ठगी विशेष छानबिन समिति गठन

**टुडे समाचारदाता**

काठमाण्डु । सहकारी ठगी छानबिन गर्न प्रतिनिधिसभाले सात सदस्यीय समिति गठन गरेको छ । बजेट भाषणपछि मंगलबार बसेको प्रतिनिधि सभाको बैठकमा सभामुख देवराज घिमिरेले समितिका सदस्यहरूको नामसँगै कार्यविधि र कार्यावधिलगायतका विवरण पढेर सुनाउँदा सबै सदस्यले अनुमोदन गरेका थिए ।

सत्ता साझेदार नेकपा एमालेका सांसद सूर्य थापाको संयोजकत्वमा गठित समितिमा नेपाली कांग्रेसका ईश्वरी न्यौपाने र बद्री पाण्डे, एमालेकी सरिता भुसाल, नेकपा माओवादीका लेखनाथ दाहाल, राष्ट्रिय स्वतन्त्र पार्टीका शिशिर खनाल र राष्ट्रिय प्रजातन्त्र पार्टीका ध्रुवबहादुर प्रधान सदस्य छन् ।

प्रधानमन्त्री पुष्पकमल दाहालको सक्रियतामा सोमबार र मंगलबारको निर्णायक कसरतपछि दुबै पक्ष एक-एक कदम पछि हट्दा सहमति जुटेको छ । कांग्रेस टिओआरमै उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेको नाम समावेश गर्ने अडान छाडेको र सत्तापक्ष गृहमन्त्री लामिछाने संलग्न रहेको गोरखा मिडिया नेटवर्क प्रालिलगायत अन्य कम्पनी र सहकारीको नाम उल्लेख गर्न तयार भएका थिए ।

चारबुँदे टीओआरको चौथो बुँदा गोरखा मिडिया नेटवर्क र गृहमन्त्री रवि लामिछानेतर्फ लक्षित छ । 'सहकारी संस्था सदस्य (शेयर धनी) एवं बचतकर्ताबाट सहकारी संस्थामा जम्मा गरिएको रकम हिनामिना, अपचलन, अनुचित लेनदेन गरी हानी नोक्सानी पुऱ्याएको भनी संघीय संसद् र सार्वजनिक रूपमा प्रश्न उठेका, विभिन्न तह र निकायमा उजुरी परेका अनुसूची २ मा उल्लेखित लगायतका सहकारी संस्थाहरूबाट गोरखा मिडिया नेटवर्क प्रालि लगायत अन्य कम्पनी वा संस्थाहरूमा प्रवाह भएको रकमको स्थिति, सो रकम गैर कानुनी रूपमा प्रवाह भए-नभएको, र त्यस्तो गैर कानुनी वा अनुचित कार्यमा कोही संलग्न देखिएमा त्यस्ता व्यक्तिहरूको बारेमा अध्ययन छानबिन गरी जोखिममा परेको रकमको असुलीको उपाय र संलग्न देखिएका व्यक्तिहरूलाई कानुन बमोजिम कारबाहीका लागि आवश्यक सिफारिस गर्ने 'सो बुंदामा उल्लेख छ ।

'सहकारी संस्थामा जम्मा गरिएको रकम हिनामिना, अपचलन, अनुचित लेनदेन गरी हानी नोक्सानी पुऱ्याएको भनी संघीय संसद् र सार्वजनिक रूपमा प्रश्न उठेका' भनेर गृहमन्त्री लामिछानेलाई लक्षित गरिएको प्रष्ट बुझिन्छ ।

सो बुँदामा भनिएको 'अनुसूची २ मा उल्लेखित लगायतका सहकारी' भन्नाले कार्यदलले बनाएको टीओआरमा समावेश ९ वटा सहकारीलगायत भनिएको छ। जसमा गोरखा मिडिया नेटवर्क प्रालिमा ऋण आएका सूर्यदर्शन, सुप्रिप, स्वर्णलक्ष्मी, सहारा, सानोपाइला, समानता लगायतका सहकारीका नाम उल्लेख छन् ।

ती सहकारी संस्थाबाट 'गोरखा मिडिया नेटवर्क प्रालि'मा ऋण प्रवाह भएको ऋणको बैधता, संलग्न देखिएका 'व्यक्तिहरू' बारेमा अध्ययन छानबिन गर्ने बाटो कार्यादेशले दिएको छ ।

समिति गठनका लागि कांग्रेस लगायतका प्रतिपक्षले संसदमा अबरोध गरेको थियो ।कांग्रेसले सोमवार सडकमा समेत प्रदर्शन गरेको थियो ।

### आगामी आर्थिक वर्षको बजेट १८ खर्ब, ६० अर्ब, ३० करोड

## चालु आर्थिक वर्षको संशोधित भन्दा २१ प्रतिशत बढी बजेट

**टुडे समाचारदाता**

काठमाण्डु । सहकारी ठगी सम्बन्धी विशेष समिति बनाउन दलहरुबीच सहमति भए लगत्तै संघीय संसदको संयुक्त बैठकमा अर्थमन्त्री वर्षमान पुनले सहज रुपमा आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि १८ खर्ब ६० अर्ब ३० करोड रुपैयाँको बजेट प्रस्तुत गरेका छन् ।

प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसले सहकारी ठगीबारे छानबिन समिति गठनको माग गर्दै संसद् बैठकमा अवरोध गर्दै आएको थियो । तर मंगलबार दलहरूबीच संसदीय छानबिन समितिको कार्यादेशमा सहमति जुटेसँगै कांग्रेसले संसदमा गर्दै आएको गतिरोध छाडेको थियो ।

अर्थमन्त्री पुनले चालु खर्च तर्फ ११ खर्ब ४० अर्ब ६६ करोड (६१.३१ प्रतिशत), पुँजीगत खर्च ३ खर्ब ५२ अर्ब र वित्त व्यवस्थापनमा ३ खर्ब ६७ अर्ब रुपैयाँ विनियोजन गरिएको जनाएका छन् ।

यस वर्षको सुरुको विनियोजन भन्दा करिब २१ प्रतिशत र संशोधित अनुमानको ६.२ प्रतिशतले बजेट बढी छ । चालु आर्थिक वर्ष १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख रुपैयाँको बजेट ल्याइएको थियो। अर्धवार्षिक समीक्षामार्फत त्यसलाई सवा २ खर्ब घटाइएको थियो ।

गत वर्ष अनुमान गरिएकोभन्दा निकै कम राजस्व उठेको भए पनि यो वर्ष राजस्व सङ्कलनमा क्रमिक सुधार देखिएको छ । अघिल्लो वर्ष १० खर्ब ४२ अर्ब रुपैयाँ राजस्व संकलन भएको अर्थ मन्त्रालयको तथ्यांक छ ।

राजस्व सङ्कलन ९.७ प्रतिशत चालु आर्थिक वर्षमा बढ्ने देखिएको सरकारी अनुमान छ। दोस्रो चौमासिक अर्थात साउनदेखि



फागुनसम्म ६ खर्ब ३९ अर्ब रुपैयाँ राजस्व उठेको छ । चालु वर्षको तुलनामा आगामी वर्ष प्रदेश र स्थानीय तहमा गरिने राजस्व हस्तान्तरणको रकम घटेको छ। प्रदेश स्थानीय तहलाई हस्तान्तरण गरिने राजस्व शीर्षकको रकम चालु वर्षको तुलनामा आगामी वर्ष ७३ अर्ब ३३ लाख कम हुनेछ। चालु वर्षमा राजस्व बाँडफाँडमा १ खर्ब ७३ अर्ब ९२ करोड हस्तान्तरण हुने अनुमान गरिएकोमा आगामी वर्षका लागि १ खर्ब ५९ अर्ब प्रस्ताव गरिएको छ।

### कुन मन्त्रालयको बजेट कति ?

अर्थ मन्त्रालय : २ खर्ब २२ अर्ब (११.९८)
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय : २ खर्ब ३ अर्ब (१०.९५)
गृह : १ खर्ब ९९ अर्ब (१०.७१ )
भौतिक, पूर्वाधार तथा यातायात मन्त्रालय : १ खर्ब ५० अर्ब (८.०९)
सहरी विकास मन्त्रालय : ९२ अर्ब ६३ करोड (४.९८)
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : ८६ अर्ब २३ करोड (४.६४)
रक्षा मन्त्रालय : ५९ अर्ब ८७ करोड (३.२२)
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय : ५७ अर्ब २९ करोड (३.०८)
खानेपानी मन्त्रालय : २६ अर्ब ६३ करोड (१.४३)
वन तथा वातावरण मन्त्रालय : १५ अर्ब ७० करोड (०.८४)

वर्षको २०८०/०८१ मा समानीकरण अनुदान प्रदेशलाई ५८ अर्ब ६७ करोड र स्थानीय तहका लागि ८७ अर्ब ३५ करोडसमेत १ खर्ब ४६ अर्ब २ करोड विनियोजन गरेको थियो । आगामी वर्षका लागि प्रदेशलाई ६० अर्ब र स्थानीय तहका लागि ८८ अर्ब विनियोजन गरिएको छ। यस्तै आगामी वर्षका लागि ससर्त अनुदानतर्फ प्रदेशलाई २५ अर्ब ३४ करोड र स्थानीय तहका लागि २ खर्ब ८ अर्ब ८८ करोड विनियोजन गरिएको छ।

अघिल्लो वर्षको बजेटमा ६ प्रतिशत आर्थिक वृद्धिदरको लक्ष्य राखिएकोमा आइतवार संसद्मा प्रस्तुत गरिएको आर्थिक सर्वेक्षणले असार मसान्तमसम्म गणना हुने चालु आर्थिक वर्षमा उक्त लक्ष्य हासिल नहुने देखाएको छ । यसअघि आर्थिक वर्ष २०७८/७९मा कोभिड महामारीका कारण आर्थिक वृद्धिदर ऋणात्मक देखिएको थियो ।

यसैबीच प्रमुख प्रतिपक्षका सांसद एवं निवर्तमान अर्थमन्त्री डा. प्रकाशशरण महतले अत्यन्त ठूलो बजेट बनाउने प्रवृत्तिमा यसपालि ब्रेक लागेको बताएका छन् ।तर बजेट वास्तविकताभन्दा माथि रहेको उनले टिप्पणी गरेका छन् ।

चालु आर्थिक वर्षको बजेट पेस गरेका महतले धेरै विषयवस्तु छुने कोसिस गरिएको भएर बजेटले परिणाम दिने अपेक्षा आफूले नगरेको बताए ।






# पत्रकार महासंघमा तालाबन्दी

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल पत्रकार महासंघ धनुषाको कार्यालयमा तालाबन्दी गरिएको छ।

महासंघको निर्वाचनका निम्ति तयार पारिएको सदस्यता सूचीमा रातारात मनोमानी ढंगले नाम थप्दै र क्रियाशील पत्रकारहरुको नाम काटेर निर्वाचन समितिलाई बुझाएको भन्दै नेपाल प्रेस युनियन, समाजवादी प्रेस संगठन, प्रेस मंच नेपाल धनुषाले महासंघको शाखा कार्यालयमा तालाबन्दी गरेको छ।

सदस्यता शुद्धीकरणका क्रममा आएका उजुरीको अध्ययन गरी न्यायोचित रूपमा सदस्यता नामावली तयार पार्ने कार्यदलले जेठ ८ गते टुङ्गो लगाएका नाममा रातारात हेरफेर गर्दै विभिन्न जिल्ला शाखा र प्रदेशबाट सिफारिस नै नभएका नाम हाल्ने काम भएकोले महासंघको कार्यालयमा तालाबन्दी गरिएको नेपाल प्रेस युनियन धनुषाका सचिव हरिवंश यादवले बताए।

तालाबन्दी अघि समाजवादी प्रेस संगठन नेपालका मधेश प्रदेश अध्यक्ष प्रवीण साहले आफ्नो संगठनका सदस्यका नाम हटाउँदै प्रेस चौतारी र प्रेस सेन्टरका सदस्यको नाम हाल्ने काममा प्रेस सेन्टर सम्बद्ध महासंघका महासचिव रोशन पुरीको साँठगाँठ रहेको आरोप लगाए।




पत्रकार महासंघ पत्रकारिता गर्ने पत्रकारको मात्रै साझा संस्था हुनुपर्ने संगठनको माग विपरीत पत्रकारिताबाहेक अन्य पेसा, व्यवसायमा संलग्न व्यक्तिका नाम थपिएको उनको आरोप छ।

त्यससँगै पत्रकारिता पेसामै रहेका थुप्रै मधेशी, महिला, दलित, जनजातिसहित नाम पनि हठात् हटाइएको प्रेस युनियनका नेता शैलेन्द्र झाले बताए।

त्यसैगरी अहिले जारी महासंघको केन्द्रीय अध्यक्ष विपुल पोखरेल र महासचिव रोशन पुरीले मात्र जारी गरेको सदस्यता विवरण खारेज गरी न्यायोचित सदस्यता जारी नभएसम्म विरोध जारी रहने समाजवादी प्रेस संगठन नेपालका धनुषा अध्यक्ष अकुल साहले बताए।

महासंघको आगामी जेठ २६ गते हुने निर्वाचनलाई प्रभावित गर्ने गरी छापामार शैलीमा सदस्यता टुंगो लगाइएको बताउँदै प्रेस मंच नेपाल धनुषाका अध्यक्ष अर्जुन मण्डलले न्यायोचित ढंगले नसच्याए निर्वाचनका कार्यक्रम अघि बढ्न नदिने चेतावनी दिए।

केन्द्रीय अध्यक्ष र महासचिवले आफ्नो मनोमानी ढंगले जारी गरेको सस्दयता विवरण खारेज गरी वास्तविक र वर्षौ देखि क्रियाशील रहेका पत्रकारले रितपूर्वक दिएका निवेदन मध्यबाट सदस्यताको नवीकरण र नयाँ सदस्यता प्रदान नगरिए सम्म महासंघको कार्यालयमा लगाइएको तालाबन्दी नखोलिने चेतावनी दिइएको छ।

# अवैध किसमिससहित ट्रक नियन्त्रणमा

**टुडे समाचारदाता**

जनकपुरधाम। भन्सार छलेर नेपाल भित्र्याएको अवैध किसमिससहितको ट्रक भन्सार कार्यालय जनकपुरले नियन्त्रणमा लिएको छ। भन्सार कार्यालय जनकपुरले ५५ लाख ५० हजार रुपैयाँ मूल्य बराबरको किसमिससहितका सामान र ओसारपसारमा प्रयोग भएको सवारीसाधन बरामद गरेको छ।

जनकपुरधाम उपमहानगरपालिका-१ स्थित सीता चोकमा भन्सार कार्यालय जनकपुरको विशेष सूचना पाए लगत्तै सशस्त्र प्रहरी बल नेपाल नं ८ गण हेडक्वाटर धनुषा मातहत, सुरक्षा वेश जनकपुरबाट सहायक प्रहरी नियन्त्रक उमेश कुमार कार्कीको कमान्डमा खटेको ७ जनाको मोबाइल गस्ती टोली र जनकपुर भन्सार कार्यालयबाट अधिकृत रविन लाल दासको कमान्डमा ५ जनाको संयुक्त टोलीले सो मात्रामा काजु तथा किसमिस बरामद गरेको छ। मधेश प्रदेश ०४-



००१ख ०१७१ नम्बरको ट्रकमा राखेर भारतबाट अवैध रुपमा भन्सार छली नेपालतर्फ ल्याउँदै गरेको तेइस लाख छब्बीस हजार रुपैयाँ मूल्य बराबरको काजु २ हजार १०० केजी, किसमिस ५४० केजी र ट्रक बत्तिस लाख चौबिस हजार रुपैयाँ गरी जम्मा पचपन्न लाख पचास हजार रुपैयाँ बराबरको काजु किसमिस र ट्रक नियन्त्रणमा लिइ जनकपुर भन्सार कार्यालय धनुषामा भन्सार दाखिला गरिएको सशस्त्र प्रहरी बल नेपाल नं ८ गण हेडक्वाटर धनुषाका प्रहरी उपरीक्षक दर्शन गिरीले जानकारी दिए।

# जनकपुरधामलाई विवाह गन्तव्य बनाइने

**टुडे समाचारदाता**

काठमाण्डु। अर्थमन्त्री वर्षमान पुनले आगामी आर्थिक वर्षका लागि बजेट प्रस्तुत गर्दै तराईका विभिन्न क्षेत्रमा सिँचाइ सेवाका लागि ३ अर्ब ४५ करोड रुपैयाँ विनियोजन गरेको जनाएका छन्।

मंगलबार संघीय संसद्को दुवै सदनमा बोल्दै मन्त्री पुनले तराई मधेशका भूमिगत सिँचाइका लागि स्यालो तथा



डिप ट्युबवेलबाट सिँचाइ सुविधा विस्तार गर्न ४५० डिप बोरिङ विस्तार गरी थप १५ हजार हेक्टर क्षेत्रमा सिँचाइ सुविधा विस्तार गर्न ३ अर्ब ४५ करोड विनियोजन गरेको बताए।

नदी किनारका क्षेत्रमा सिँचाइका लागि २ अर्ब २२ करोड रुपैयाँ विनियोजन गरेको बताए।

मध्य तराईका ५ जिल्लाका १ लाख २२ हजार हेक्टर जमिनमा भरपर्दो सिँचाइ सुविधा पुऱ्याउन सुनकोशी मरिन डाइभर्सनका संरचना बनाउन ३ अर्ब १२ करोड रुपैयाँ विनियोजन गरेको बताए।

त्यस्तै सो बजेटमा जनकपुरधामलाई विवाह गन्तव्य बनाइने जनाइएको छ।

जनकपुरधामलाई विवाह गन्तव्यका रूपमा विकसित गरिने भएको अर्थमन्त्री वर्षमान पुनले जनाउँदै संघीय संसद्को संयुक्त बैठकमा मंगलबार प्रस्तुत आर्थिक वर्ष २०८१/८२ को सरकारको राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) मा उक्त व्यवस्था प्रस्ताव गरिएको छ।

राजर्षि जनक, जानकी र याज्ञवल्क्यको पुण्यभूमि प्राचीन मिथिलाको राजधानी जनकपुरधाममा हरेक मार्ग शुक्लपक्ष पञ्चमी तिथिमा रामजानकी विवाह पञ्चमी मेला लाग्छ।

आश्विन पूर्णिमाका दिन अयोध्याका नरेश महाराज दशरथ नन्दन राजकुमार श्रीरामचन्द्रले प्राचीन शिव धनुषलाई भाँचेको र त्यसपछि मार्ग शुक्ल पञ्चमी तिथिमा श्रीरामजानकीको शुभविवाह भएको प्रसंग प्राचीन ग्रन्थहरूमा पाइन्छ।

# गणतन्त्र दिवसमा चर्चा परिचर्चा

**टुडे समाचारदाता**

जनकपुरधाम। १७ औं गणतन्त्र दिवस मूल समारोह समिति धनुषाको आयोजनामा विषेश कार्यक्रम गरेर गणतन्त्र दिवसले बारेको प्रभावका विषयमा चर्चा परिचर्चा गरिएको छ।

जनपकुरधाममा मंगलबार भएको कार्यक्रममा जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले गणतन्त्रप्रतिको उत्साह बढाउनका लागि प्रदेशलाई अधिकार सम्पन्न बनाउनु पर्नेमा जोड दिए।

उनले प्रदेशलाई अधिकार नभएको र प्रदेशले स्थानीय तहले गर्ने किसिमको साना काम गरेर जनताको नजरमा कमजोर बन्दै गएको बताउँदै जनताको ठूलो संघर्ष र बलिदानबाट प्राप्त भएको गणतन्त्रको रक्षाका लागि जनताको इच्छा तथा आकांक्षा पूरा गर्नका लागि सबै तहका सरकारले इमान्दारीपूर्वक काम गर्न जरुरी रहेको बताए।

धनुषाका निमित्त प्रमुख जिल्ला अधिकारी विष्णु प्रसाद भुसालले गणतन्त्रप्रति जनतामा उत्साह जगाउने किसिमको काम हुन जरुरी रहेको बताए।

# सिरोहियालाई थप उपचारको लागि काठमाण्डु लगियो

**टुडे समाचारदाता**

जनकपुरधाम। नागरिकता प्रकरणमा पक्राउ परेका कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई थप उपचारका लागि काठमाण्डु लगिएको छ।

गत शुक्रबारदेखि स्वास्थ्यमा समस्यादेखिँदा उनलाई जनकपुरधामको काव्या अस्पतालमा भर्ना गरिएको थियो।

चिकित्सकले यहाँबाट रेफर गरेपछि सिरोहियालाई थप उपचारका लागि हेलिकप्टरबाट काठमाण्डु लगिएको धनुषाका प्रहरी प्रवक्ता समेत रहेका प्रहरी नायब उपरीक्षक रञ्जन अवाले जानकारी दिए।

अध्यक्ष सिरोहियालाई मुटु र उच्चरक्तचाप लगायतको समस्या रहेको चिकित्सकले जनाएको छ। काठमाण्डुस्थित मेडिसिटी हस्पिटल लगिएको छ।

रास्वपाका मधेश प्रदेश सदस्य इन्द्रजित प्रसाद महतोले नागरिकता कसुरमा १६ वैशाखमा धनुषा प्रहरीमा दिएको जाहेरीको आधारमा सिरोहियालाई गत जेठ ८ गते काठमाडौं स्थित कान्तिपुर मिडिया ग्रुपको कार्यालयबाट प्रहरीले पक्राउ गरेर धनुषा ल्याइएको थियो।

सोमबार उनलाई तेश्रो पटक धनुषा जिल्ला अदालतले थप ३ दिनको म्याद थप्दैं अनुसन्धान गर्न अनुमति दिएको थियो।

# प्रचण्ड गर्मीले जनजीवन कष्टकर

**टुडे समाचारदाता**

राजविराज। केही दिन यता टन्टलापुर घामसंगै बढेको अत्यधिक गर्मीका कारण सप्तरीसहित मधेश प्रदेशको जनजीवन कष्टकर बनेको छ।

जिल्लामा केही दिन यता तापक्रम ४० देखि ४५ सम्म पुगे पछि जनजीवन अस्तव्यस्त बनेको छे। अत्यधिक गर्मी र प्रचण्ड घामका कारण सर्वसाधारण घरबाट कमै निस्कने गरेकाले बजार, कार्यालय र विद्यालय सबै तिर चहल पहल घटेको छ।

बजार सुनसान देखिए पनि गर्मीका कारण विरामीको संख्या भने अस्पताल र निजी क्लिनिकमा ह्वातै बढेको छ। अत्यधिक गर्मीका कारण टाइफाइड, ज्वरो, रुघाखोकी, खटिरा, आउँमासी, झाडापखाला र सर्पदंशका विरामीको चाप बढेको स्थानीय गजेन्द्रनारायण सिंह अस्पलताल आकस्मिक कक्षका अहेब जयकृष्ण गुरुमैताले जानकारी दिए।

गर्मीका कारण हुने विभिन्न रोगबाट पीडित भइ उपचारका लागि आउने विरामीको संख्या दैनिक १५ देखि २०




जना सम्म हुने गरेको उनले बताए। उनले पछिल्लो एक साता यता अत्यधिक गर्मीका कारण ग्रामिण क्षेत्रमा सर्पदंशको घट्नामा वृद्धि भएको छ।

दैनिक ५/६ जना सर्पदंशका विरामीहरु आउन थालेका छन्, उनले भने "मंगलबार मात्रै सर्पदंशबाट अचेत भएका ५ जना उपचारका लागि अस्पताल भर्ना भएका छन्।"

सात दिन यता चार दर्जनभन्दा बढी सर्पदंशका विरामी उपचारका लागि आएको अहेब गुरमैताले बताए।

सर्पदंशको घट्ना ह्वातै बढेपछि अस्पतालमा "एन्टी स्नेक भेनम" नामक औषधि पर्याप्त मात्रामा झिकाई स्टक गरिएको अस्पताल प्रशासनले जनाएको छ।

अत्यधिक गर्मीका कारण विद्यायलहरुमा विद्यार्थीको उपस्थिति संख्या न्यून हुँदै गएपछि कतिपय विद्यालयले केही दिनका लागि विदा दिएका छन्।

यस्तै जिल्लाको मुख्यबजार सरकारी कार्यालयहरुमा समेत चहल/ पहल न्यून भइ सुनसान भएको छ। समयमा मनसुन सुरु न हुँदा गर्मी अत्यधिक बढेको तथा केही दिन अझै यस्तो अवस्था रह्ने मौसमविद्को भनाइ छ।

गर्मीको असरले स्वास्थ्यमा धेरै प्रकारको नकारात्मक असर पार्ने भन्दै चिकित्सकहरुले गर्मीबाट बच्न सावधान रहन सुझाएका छन्।

त्यस्तै पछिल्लो केही दिन देखि लागिरहेको चर्को घाम सँगै बढेको गर्मीको कारण रौतहट स्थित विद्यालयमा अध्ययनरत बालबालिकाहरू बेहोस हुन थालेका छन्।

आइतबार बौधीमाई नगरपालिका ८ सरमुजवाका ५५ वर्षीय जयमंगल यादव अत्यधिक गर्मी सहन नसकेर देवाही गोनाही मौलापुर सडकखण्ड अन्तर्गत लाल बकैया पुलमा ढलेर मृत्यु भएको थियो।

# मुख्यमन्त्री यादवद्वारा जानकी मन्दिरमा सरसफाई

**टुडे समाचारदाता**

जनकपुरधाम। गणतन्त्र दिवसको अवसरमा मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले जनकपुरधामको जानकी मन्दिरमा विशेष सरसफाइ गरेका छन्।

उनले जानकी मन्दिरको सरसफाइ गरेर जनतामाझ सरसफाइ हाम्रो आवश्यकता रहेको सन्देश दिए।

यस विशेष अवसरमा मुख्यमन्त्री यादवले गणतन्त्र स्थापनामा योगदान दिने ऐतिहासिक जनआन्दोलनका तथा सुदृढ राष्ट्रिय एकताको बलमा मुलुकलाई सामाजिक आर्थिक समृद्धि तर्फ लैजानु आजको मुख्य आवश्यकता रहेको मुख्यमन्त्री यादवले उल्लेख गरे।

सामाजिक, आर्थिक, सांस्कृतिक एवम् जनताको सर्वाङ्गीण विकासका लागि राष्ट्रिय एकता महत्वपूर्ण रहेको छ यसका साथै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था कार्यान्वयन र आर्थिक विकासका पक्ष महत्वपूर्ण सहयोग गर्ने र शहीदका अधुरा सपनाहरू पूरा गर्न सबैजना



विभिन्न परिवर्तनकारी आन्दोलनहरूमा सहादत प्राप्त गर्नुहुने सहिदहरूप्रति विज्ञप्ति जारी गर्दै श्रद्धाञ्जलि व्यक्त गरे।

संविधानको स्वीकार्यता अझ फराकिलो बनाएर यसको कार्यान्वयनलाई सुनिश्चित गर्नु सम्पूर्ण जातजाति, समुदाय आ-आफ्ना ठाउँबाट इमान्दार र प्रतिबद्ध रही सकारात्मक सोचका साथ अगाडि बढ्न समेत आग्रह गरे।

सो सरसफाइ कार्यक्रममा नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा सामासिक अभियन्ताहरूको सहभागिता रहेको थियो।

# चन्द्रपुरका पूर्वप्रमुखलाई कैद र जरिवाना




**टुडे समाचारदाता**

रौतहट। रौतहटको चन्द्रपुर नगरपालिकाका तत्कालीन नगर प्रमुख रामचन्द्र चौधरीलाई ४ वर्ष कैद सजाय हुने फैसला विशेष अदालतले गरेको छ।

राजस्व चुहावट गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चौधरीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो।

सो मुद्दामा विशेष अदालतले उनलाई ४ वर्ष कैद र ३७ लाख ३४ हजार १९८ रुपैयाँ जरिवाना हुने फैसला गरेको छ।

चौधरीसँगै आशिक कन्स्ट्रक्सनका सञ्चालक राम विनोद राउत बरैलाई पनि ४ वर्ष कैद र ३७ लाख ३४ हजार १९८ रुपैयाँ जरिवाना हुने फैसला भएको छ।

बरैलाई २८ लाख २२ हजार रुपैयाँ थप जरिवाना हुने फैसला गरेको विशेष अदालतले राजस्व चुहावटमा मिलेमतो देखिएको भन्दै तत्कालीन प्रमुख प्रशासकीय अधिकृत कृष्ण प्रसाद सिग्देललाई २८ लाख २२ हजार जरिवानासहित ४ वर्ष कैदको सजाय हुने फैसला गरेको छ।

अर्का प्रतिवादी तत्कालीन लेखा अधिकृत कीर्तिराज सुवेदीले सफाई पाएका छन्। उनीहरुले आपसी मिलेमतोमा स्थानीय चाँदी नदीको नदीजन्य पदार्थ उत्खनन तथा बिक्री गर्दा ५५ लाख २ हजार १९८ रुपैयाँ राजस्व चुहावट गरेको ठहर विशेष अदालतले गरेको छ।

# कारागार बाहिर आफन्तजन प्रतीक्षामै रहे



**टुडे समाचारदाता**

राजविराज। गणतन्त्र दिवस, संविधान दिवस र प्रजातन्त्र दिवसको अवसर पारेर राम्रो आचरण भएका कैदीहरुलाई आम माफी दिइ रिहा गर्ने परम्परा यस पल्ट तोडिएको छ।

कानुनी छिद्रबाट गम्भीर अपराधमा संलग्न कैदीलाई समेत यस्ता दिवसको अवसर पारेर राज्यद्वारा आममाफी दिने काम हुन थालेको भन्दै विभिन्न राजनीतिक दल, अधिकारकर्मी तथा समाजिक अभियन्ताहरुद्वारा आलोचना हुन थाले पछि बाँकी कैद मिनाहा गरी आम माफी दिने परम्परा तोडिएको छ। मंगलबार गणतन्त्र दिवसको अवसरमा रिहा हुने आसमा राजविराज कारागारमा जेल सजाय भुक्तान गरिरहेका कतिपय कैदीका आफन्तहरु पुगेका थिए।

"पचास प्रतिशत भन्दा बढी कैद भुक्तान गरिसकेका कैदीहरुलाई आम माफी दिइ सरकारले रिहा गर्ने परम्परा अनुसार आफू आफन्तलाई लिन आएको थिएँ, कारागारमा रहेका एक कैदीको रिहाइको प्रतीक्षामा बाहिर बसेका आफन्तले भने-तर जेलरले यस पल्ट आम माफी दिइ रिहा गर्ने त्यस्तो कुनै पत्र विभागबाट न आएको जानकारी गराएपछि निराश भएको छु।"

जेलर सदानन्द दासले विगतमा राम्रो आचरण भएका र ५० प्रतिशत भन्दा बढी कैद भुक्तान गरी सकेका कैदीको कारागार विभागले लगत माग गर्ने गरेकोमा यस पल्ट त्यस्तो कुनै लगत माग न गरिएको बताए। लगत नै नमागे पछि कैद मुक्त गर्ने विगतको परम्परा यस पल्ट रोकिएको उनको भनाइ छ। उनले यस पल्ट असोज ३ मा मनाइने संविधान दिवस, फागुन ७ मा मनाइने प्रजातन्त्र दिवस र जेठ १५ गते मनाइने गणतन्त्र दिवस गरी ३ वटै दिवसमा सरकारबाट आम माफी दिइ राजविराज कारागारबाट कुनै पनि कैदी मुक्त नभएको जानकारी दिए।

कानुनका छिद्र खोजेर गम्भीर अपराधमा संलग्न कैदीलाई राजनीतिक स्वार्थपूर्तिका लागि समेत आममाफी दिने कार्य हुन थालेको भन्दै यसको व्यापक विरोध र आलोचना हुन थालेपछि हाललाई आममाफी दिने कार्य रोकिएको बताइएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८